**हरिनास गाउँपालिका**
गाउँ-कार्यपालिकाको कार्यालय
चित्रेभञ्ज्याङ्ग रोदीखोला,स्याङ्जा **गण्डकी प्रदेश,नेपाल**

प.सं.२०७५/०७६ **मिति:२०७५।१२।१०**
च.नं. ४३३

विषय :- जानकारी तथा कार्यान्वयन सम्बन्धमा ।

**श्री सम्बद्ध सबै सामुदायिक विद्यालयहरू**
**हरिनास गाउँपालिका,स्याङ्गजा ।**

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाईको प.सं.२०७५/०७६,च.नं. १११९,मिति २०७५।१२।०३ को सबै सामुदायिक विद्यालयलाई सम्बोधन गर्दै यस कार्यालयलाई बोधार्थ दिदै लेखिएको पत्रबाट शिक्षा तथा मानव श्रोत विकास केन्द्र,शिक्षक व्यवस्थापन समन्वय शाखाको च.नं.१२८, मिति २०७५।११।२८को प्राप्त पत्रानुसार आ.व.२०७३/०७४ मा शिक्षक सेवा आयोगबाट शिक्षकको स्थायी पदपूर्तिका लागि प्रकाशित आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापन नं. क्रमश: प्राथमिक तह, निम्नमाध्यमिक तह र माध्यमिक तह १०१।०७३,१०२।०७३,२०१।०७३,२०२।०७३, २०३।०७३ र ३०१।०७३,३०२।०७३, ३०३।०७३ को अन्तिम नतिजा प्रकाशन भैरहेको सन्दर्भमा शिक्षा ऐन संशोधन सहितको दफा ११चको उपदफा ९ मा भएको व्यवस्था बमोजिमका अस्थायी शिक्षकले स्थायी पदका लागि भएको विज्ञापनमा दरखास्त नदिएमा वा दिएपनि उक्त पदमा आयोगबाट नियुक्तिको लागि सिफारिस हुन नसकेमा त्यस्ता शिक्षकलाई उपदफा१ को खण्ड ख बमोजिमको विज्ञापनमा उम्मेदवार नहुने अस्थायी शिक्षक र त्यस्तो विज्ञापन बमोजिम लिइएको प्रतियोगितात्मक परीक्षामा छनौट हुन नसकेका अस्थायी शिक्षकहरूबाट विरामी विदा र अन्य सुविधा लिनको लागि शिक्षक किताब खानामा सिफारिस गर्नुपर्ने भएकोले आवश्यक कागजपत्र सहित निवदेन दिनका लागि जानकारी दिनेवारेको पत्र व्यहोरा अवगत भएकै होला त्यही सन्दर्भलाई लिएर हाल केही विद्यालयका प्रधानाध्यापकज्यूहरूवाट त्यस्ता शिक्षकहरुको सन्दर्भमा के गर्ने ? अवकाश पत्र दिने,नदिने? तहाँ पालिकाबाट नै अवकाश जानकारी पठाइदिनुहुन भनी पटक पटक फोनबाट आग्रह भएको सन्दर्भमा उपर्युक्तानुसारको पत्रबाट नै सम्वद्ध शिक्षकहरुले आफ्नो पद/सेवा सम्वन्धमा अवगत गर्नुभएकै छ,सो सम्वन्धमा अवकाश पत्र दिने/जानकारी गराउने कार्यजिम्मेवारी सम्बन्धित विद्यालयकै भएकोले सोही अनुसार गर्नु गराउनुहुन जानकारी गराईन्छ ।

**मित्रलाल भट्टराई**
**प्रमुख प्रशासकीय अधिकृत**

मित्रलाल भट्टराई
प्रमुख प्रशासकीय अधिकृत